**गंगादेव गाउँपालिका रोल्पा ,**

# स्थानिय राजपत्र

खण्डः ५ संख्याः १४ मितिः २०७८।११।२९

भाग २

गंगादेव गाउँपालिका

## गंगादेव गाउँपालिकाको महिला सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०७८

**<u>प्रस्तावनाः</u>**

विपन्न र विभेदित ग्रामीण महिलाहरुको विशेष अवस्थालाई ध्यानमा राखेर विकासका आम अवसरमा पहुँच स्थापना गर्ने उद्देश्यका साथ सामुहिक प्रयासबाट महिलाको हित प्रवर्धन गर्न, महिलाको सामाजिक तथा आर्थिक बिकास , महिलाको आयआर्जनमा वृद्धि गर्न, महिलाको हक हितको रक्षा गर्न समग्र महिलाहरुको जीवनमा परिवर्तन ल्याई ममतामूलक समाजको निर्माण गर्न एक वडा एक महिला संञ्जाल र गाउँपालिका स्तरिय एक महिला संञ्जाल गठन गरी स्थानीय सरकार सचालन ऐन, २०७४ को मर्म अनुरुप स्थानीय सेवाको अधिकतम उपयोग गर्न गंगादेव गाउँपालिकाले यो कार्यविधि निर्माण गरेको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम" गंगादेव गाउँपालिकाको महिला संञ्जाल गठन तथा परिचालन कार्यविधि, २०७८ रहेको छ।

(ख) यो कार्यविधि गंगादेव  गाउँ कार्यपालिकाबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "गाउँपालिका भन्नाले गंगादेव  गाउँपालिका सम्झनु पर्नेछ।

(स) "शाखा " भन्नाले महिला तथा बालबालिका शाखा सम्झनु पर्नेछ।

(ग) "महिला" भन्नाले गंगादेव  गाउँपालिका भित्रका २० वर्ष उमेर पूरा भएका र ५० वर्ष ननाघेका महिलालाई सम्झनु पर्नेछ।

(घ) "महिला समुह" भन्नाले  गंगादेव गाउँपालिकाको महिला आमा समुह संचालन कार्यविधि २०७४ अन्तर्गत रहि गठन भएका महिला समुहलाइ सम्झिनुपर्नेछ।

(ङ) "सञ्जाल" भन्नाले प्रत्येक वडा  र गाउँपालिकामा यस कार्यविधिको अधिनमा गठन भएका महिला सञ्जाललाई मम्झिनुपर्नेछ।

(च) "सहकारी" भन्नाले गंगादेब  गाउँपालिका भित्रका महिला विकास कार्यक्रम अन्तर्गत प्रवर्धित भई साबिकमा डिभिजन सहकारी कार्यालय र हाल गंगादेव गाउँपालिकामा सहकारी ऐन बमोजिम विधिवत रुपमा दर्ता भएको सकृय महिला सहकारी सम्झनुपर्नेछ।

**३. उद्देश्य : कार्यविधिको मुख्य उद्देश्य देहाय बमोजिम रहनेछन्।**

(क) विभिन्न निकायबाट प्रवाह गरिने सेवामा महिलाको पहुँच अभिवृद्धि गर्ने,

(ख) महिलाहरुलाई आफ्ना हक हित र अधिकारका विषयमा जागरुक गराउने,

(ग) विभिन्न निकायबाट सञ्चालन हुने विकासका क्रियाकलापमा महिलाको  सहभागिता सुनिश्चित गर्ने,

(घ) निर्णय प्रक्रियामा महिलालाई समान अवसर र अधिकार प्रदान गर्ने,

(छ) सामाजिक  विकृति, विसङ्गति, कुरिति, अन्धविश्वास, लैङ्गिक विभेव, सामाजिक अपहेलना विरुद्ध आवाज उठाउन जाकरुप गराउने,

(च) महिलाको सामाजिक, साँस्कृतिक, आर्थिक, शैक्षिक, लैङ्गिक तथा विविध क्षेत्रमा हुने कमजोर उपस्थितिलाई पुरुषसरह पहुँच योग्य बनाई ममतामुलक समाजको निर्माणमा सहयोग पुर्याउने,

(छ) महिला अधिकारमैत्री  गाउँपालिकाको रुपमा पहिचान स्थापित गर्ने,

(ज) गाउँपालिकाको योजना नीति, रणनीति, कार्यनीति र कार्यक्रमहरुलाई जलवायुमैत्री, , लैङ्गिकमैत्री कार्यक्रम बनाउन पैरवी  गर्ने।

## ४. वडा स्तरीय महिला संञ्जाल गठन

(क) प्रत्येक वडामा गाउँपालिकाको महिला आमा समुह संचालन कार्यविधि २०७४ बमोजिम  दर्ता भएका महिला आमा समुह बाट कम्तिमा एक/एक जना प्रतिनिधि हुने गरि बढिमा पंध्र  सदस्य सहितको एक संञ्जाल गठन हुनेछ तर महिला आमा समुह १५ भन्दा बढि हुने बडाको हकमा कम्तिमा एक/एक सबै समुहबाट पर्ने गरि वडा स्तरिय महिला संञ्जालमा रहन सक्ने छन ।  महिला संञ्जाल समितिको नाम समितिको निर्णयानुसार तथा गंगादेव गाउँपालिका वडा नं .... महिला सञ्जाल राख्न सक्कनेछ र वडा स्तरिय महिला सञ्जाल एक वडामा एक भन्दा वढी महिला संञ्जाल गठन गर्न नपाइने ।

(ख) उपदफा (क) बमोजिम गठन हुने समितिमा वडा भित्रका सबै महिला आमा समुहको भेलाबाट एक जना अध्यक्ष, एक जना उपाध्यक्ष, एक जना सचिब , एक जना कोषाध्यक्षको छनौट गर्नुपर्नेछ र बाँकी वडाका सबै  समुह बाट पर्ने गरी महिला आमा उक्त समितिको सदस्यको रुपमा रहनेछन् साथै वडा स्तरीय महिला सञ्जालको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको लागी गंगादेव गाउँपालिका महिला आमा समुह संचालन कार्यविधि २०७४ बमोजिम  दर्ता भएमा महिला आमा समुहको क्रमशः अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष भएको हुनु पर्ने र सदस्यको हकमा गंगादेव गाउँपालिका महिला आमा समुह संचालन कार्यविधि २०७४ बमोजिम दर्ता भएको आमा समुहको सदस्य भएको हुनुपर्ने ।

(ग) उपदफा (ख) बमोजिम गठन हुने समितिका पदाधिकारीहरुले समितिका  आधारमा प्रत्येक दुई वर्षमा आफू पदाधिकार रहेको पद हेरफेर गर्न सक्नेछन् र सोको रेकर्ड गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

(घ) महिला संञ्जाल समितिले महिनामा कम्तीमा एक पटक बैठक बसी आफ्ना समस्या र समाधानका उपायका बारेमा सोच्ने र सल्लाह गर्ने गर्नुपर्नेछ।

(छ) प्रत्येक वडामा एक भन्दा बढी महिला संञ्जाल रहने छैनन् ।

## ५. वडा स्तरीय महिला संञ्जालको काम, कर्तव्य

(क) सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको सुमधुर सम्बन्ध स्थापित गरी महिला संञ्जालकको उत्थानमा सहजीकरणमा गर्ने,

(ख ) गाउँपालिका तथा वडाबाट संचालित योजनामा सक्रिय सहभागिता जनाउने,

(ग) अन्धविश्वास, कुरीति, कुप्रथा, बालविवाह, बहुविवाह जस्ता सामाजिक समस्या,

विकृति, विसङ्गतिको पहिचान गरी सुधारका प्रयासहरु गर्ने,

(घ) धुम्रपान तथा मद्यपान निषेध गर्ने, जुवातास, कौडा लगायतका खेलकुदहरु बन्द गरी नमुना गाउँको रुपमा स्थापित गर्दै लैजाने,

(ङ) टोलमा महिला मचेतनामुलक कार्यक्रम सञ्चालन गरी सभ्य, सुसंस्कृत वडा/समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने,

(च) समानतामा आधारित पहुँच, समतामुलक समाज निर्माणमा जोड दिई महिला

अधिकारका विषयहरुपति सचेत एवं चनाखो हुने,

(छ) होमस्टेको सुरुवात गरी आफ्नो रितिरिवाज, संस्कृतिको प्रदर्शन मार्फत आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धनमा सहयोग पुर्याउने।

(ज) वडा तथा समाजमा समाजिक सेवाको कार्यमा संलग्न हुने तथा समाज सेवाको लागी विभिन्न सहकारी, महिला स्वास्थ्य कार्यक्रम, जनचेतानामुलका कार्यक्रम, स्वास्थ्य सेवाको लागी गापा तथा वडाको पहलमा स्वास्थ्य सम्बन्धि कार्यक्रम तगा सेवा संचालन गर्ने ।

## ६. सहकारी

स्वावलम्बन र पारस्परिकताको भावनाले समितिका सदस्यहरुको उन्नतिका लागि सर्वमान्य सहकारी सिद्धान्त अनुसार वडास्तरका महिला संञ्जालले प्रत्येक वडामा महिलाहरुको मात्र एक सहकारी संस्था दर्ता गर्न सक्ने ।

## ७, गाउँपालिका स्तरीय महिला सञ्जाल गठन

(क) सबै वडाका भएका महिला संञ्जालका अध्यक्ष, उपाध्यक्ष, सचिब र कोषाध्यक्षको भेला बाट एक जना गापा स्तारिय महिला संञ्जाल अध्यक्ष, एक जना गापा स्तारिय महिला संञ्जाल उपाध्यक्ष, एक जना गापा

स्तारिय महिला संञ्जाल सचिब र एक जना गापा स्तारिय महिला संञ्जाल कोषाध्यक्ष समिति छनोट हुने । वडा स्तरिय महिला संञ्जालको अध्यक्ष, उपाध्यक्ष, सचिब र कोषाध्यक्ष पदमा नरहेको ब्यक्ति गापा स्तरिय अध्यक्ष, उपाध्यक्ष, सचिब र कोषाध्यक्ष पदको लागी दाबी गर्न नपाइने र गा पा स्तरिय महिला संञ्जालको अध्यक्षको लागी वडा स्तरीय महिला संञ्जालको अध्यक्ष भएको हुनु पर्ने ।

(ख) गापा स्तरिय महिला सञ्जालको लागी सबै वडाका महिला सञ्जालबाट पर्ने गरि बढिमा पंध्र जना सदस्य रहन सक्ने, वडा स्तरको महिला संञ्जालको भेलाले गाउँपालिका स्तरिय संञ्जाल गठनमा सदस्य हुनको लागी प्रतिनिधि तोक्ने साथै वडाका महिला संञ्जालको सदस्यमा नरहेको ब्यक्ति गापा को सदस्यमा मनोनित हुन नपाइने गरि जम्मा गाउँपालिका स्तारिय महिला सञ्जालमा पंध्र सदस्यको समिति हुने र गाउँपालिका भित्र गाउँपालिका स्तरिय एक भन्दा बढी महिला संञ्जाल गठन गर्न नमिल्ने ।

(ग) उपदफा (क) र (ख) बमोजिमको सञ्जालमा समितिका आधारमा अध्यक्ष, उपाध्यक्ष, सचिब र कोषाध्यक्ष तथा सदस्यहरु रहनेछन्।

## ८. गाउँपालिका स्तरीय महिला सञ्जालको काम, कर्तव्य

(क) महिलाका सवालहरूका विषयमा वडाममितिलाई आवश्यक सुझाव सल्लाह प्रदान गर्ने,

(ख) महिला हित हुने खालका कार्यक्रम तथा योजनाहरु माग गर्ने तथा विकास निर्माणमा वडा समितिप्रति समन्वयकारी, सहजकारी भूमिका निर्वाह गर्नेछन,

(ग ) वडाका प्रत्येक टोलहरुमा रहेका सवालहरु, विकृती तथा विसङ्गतीका विषयहरुमा घनिभूत छलफल गरी निराकरणका लागि बड़ा समक्ष सुझाव तथा सल्लाह दिने,

(घ ) टोलमा हुने कुनै पनि प्रकारको अपराधिक घटनाका विषयमा सत्य तथ्य सहित वडा तथा सम्बन्धित निकायमा जानकारी गराउने,

(ङ) सभ्य, सुसंस्कृत तथा नमुना गापानिर्माणका लागि उपाय खोजी गरी लागु गर्ने

(च) महिला अधिकार, महिलाका विविध सवालहरुका विषयमा उचित नीति तथा

रणनीति तय गर्न गाउँपालिकालाई सुझाव तथा सल्लाह दिने,

(छ ) नमुना वडास्तरीय महिला संञ्जाल पहिचान गरी पुरस्कृत गर्नका लागि

गाउँपालिकालाई सिफारिस गर्ने,

(ज) महिलाहरुमा सचेतना वृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी गाउँपालिकालाई सिफारिस गर्ने,

(झ) महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको सुनिश्चितता गर्न गाउँपालिकालाई सिफारिस गर्ने,

(ञ) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने,

(ट) महिला अधिकारमैत्री गाउँपालिका निर्माणमा आवश्यक पहल गर्ने,

(ठ) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्न पहल गर्ने,

(ड) वडा तथा गापा समाजिक सेवाको कार्यमा संलग्न हुने तथा समाज सेवाको लागी विभिन्न सहकारी, महिला स्वास्थ्य कार्यक्रम, जनचेतानामुलका कार्यक्रम, स्वास्थ्य सेवाको लागी गापा पहलमा महिला स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा सेवा संचालन गर्ने ।

(ढ) गाउँपालिका स्तरिय एक महिला सहिकारी संचालन गर्ने सक्ने ।

## ९. महिला संञ्जाल दर्ता हुनुपर्ने:

(क) प्रत्येक वडामा गठन हुने महिला सञ्जाल गाउँपालिकामा दर्ता हुनुपर्ने

(ख) उपदफा (क) बमोजिम दर्ता हुनको लागि महिला संञ्जालले वडाको सिफारिस सहित पेश गर्ने निवेदनको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

(ग) गाउँपालिका स्तरिय संञ्जाल गठनको लागी सबै वडा कार्यालय बाट उक्त वडाको वडा महिला सञ्जाल बाट गाउँपालिका महिला सञ्जालको लागी गाउँपालिका स्तरिय भेलाको माइन्युटको आधारमा अनुसूची-३ बमोजिमको सिफारिस ।

(घ) महिला सञ्जालबाट निर्णय भई दर्ताको लागि निवेदन पेश गरेमा गाउँपालिकाले अनुसूची-२ बमोजिम महिला सञ्जाल दर्ता प्रमाणपत्र प्रदान गर्नेछ ।

(ङ) कुनै महिला सञ्जालले यस कार्यविधिको उद्देश्य विपरित कार्य गरेमा वा प्रचलित कानून बमोजिम गर्न नहुने कार्य गरेमा गाउँपालिकाले जुनसुकै बखत त्यस्तो समिति खारेज गर्न सक्नेछ।

**१० बार्षिक प्रतिवेदन :**

समितिले आफूले वर्षभरीमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन वडा कार्यालय र गाउँपालिकामा पेश गर्नुपर्नेछ।

**१०. पुरस्कृत गर्ने**

उत्कृष्ट कार्य गरी नमुनाको रुपमा विकास हुने वडा स्तरिय महिला सञ्जाललाई वडा कार्यालयको र गाउँपालिका स्तरिय महिला सञ्जालको सिफारिसमा गाउँपालिकाले उपयुक्त अवसरमा पुरस्कृत गर्न सक्नेछ ।

१२. **विविध:**

१. यस कार्यविधिमा उल्लेखित उद्देश्य बमोजिम काम गर्न नसक्ने समितिलाई सम्बन्धित गापाले विघटन गर्न सक्नेछ ।

२. यो कार्यविधि संघ, प्रदेश तथा गंगादेव गाउँपालिकाले बनाएको कानूनसँग

बाझिएमा बाझिएको हदसम्म बाझिएकाईदाहरु स्वत: खारेज हुनेछन् ।

३. यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

४. महिला सञ्जालहरुको रेकर्ड तथा सम्पुर्ण काम कारबाहिको जानकारी गाउँपालिकाकाको महिला जेष्ठ नागरिक तथा बालबालिका शाखामा रहने छ ।

५. यस कार्यविधि अनुसार दर्ता भएका महिला सञ्जालहरु प्रत्येक २/२ बर्षमा गाउँपालिका बाट नविकरण हुनु पर्ने छ ।

६. नविकरण तथा दर्ता शुल्क अन्य संस्थाको हकमा भन्दा न्युनतम दर्ता शुल्क लिन सक्ने तथा कार्यपालिकाको निर्णय बमोजिम निशुल्क दर्ता हुन सक्ने ।

## अनुसूची १

## (दफा ९ को उपदफा (ख) सँग सम्बन्धित)

महिला सञ्जाललाई गाउँपालिकामा दर्ता गर्ने निवेदनको ढाँचा श्री प्रमुख प्रशासकीय अधिकृतज्यू, गंगादेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सानडाडा, रोल्पा।

विषय: महिला सञ्जाल दर्ता गरी पाउँ ।

महोदय,

प्रस्तुत विषयमा यस गंगादेव गाउँपालिका वडा नं............को.............................महिला संञ्जाल गठन गरिएको तपसिल बमोजिम पदाधिकारीहरु रहेको ..................महिला सञ्जाललाई यस गाउँपालिका कार्यालयमा दर्ता/सूचीकृत गरी प्रमाणपत्र उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

तपसील

| क्र.सं. | नामथर | पद | नागरिकतानं. | सम्पर्क न. | कैफियत |
|---|---|---|---|---|---|
| १. | | अध्यक्ष | | | |
| २. | | उपाध्यक्ष | | | |
| ३. | | सचिब | | | |
| ४. | | कोषाध्यक्ष | | | |
| ५. | | सदस्य | | | |
| ६. | | सदस्य | | | |
| ७. | | सदस्य | | | |
| ८. | | सदस्य | | | |
| ९. | | सदस्य | | | |
| .. | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| .. | | | | | |

(नोट: महिला सञ्जाल दर्ता गर्न आवश्यक कागजातहरु: भेलाको निर्णय, वडाको सिफारिस, महिला सञ्जालको निवेदन)

निवेदक:

अध्यक्षको नाम:

महिला सञ्जालको नाम:

ठेगाना:

अनुसूची २

(दफा ९ को उपदफा (घ) सँग सम्बन्धित)

# गंगादेव गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### सानडाँडा, रोल्पा

### २०७३

### लुम्बिनी प्रदेश, नेपाल


वेव : www.gangadevmun.gov.np

ई-मेल : gangadevmun@gmail.com

फोन : ९८४५५७०४००


# महिला संञ्जाल दर्ता प्रमाण पत्र

महिला संञ्जालको छाप

**दर्ता नं.** **दर्ता मितिः**

गंगादेव गाउँपालिकाको महिला सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०७८ बमाजिम काम कार्तब्य गर्ने गरी श्री............................गंगादेव गाउँपालिका रोल्पा लाई .................स्तरिय महिला सञ्जालको समुह दर्ता गरि प्रमाण-पत्र प्रदान गरिएको छ ।

क. सञ्जालको नामः ..............................

ख. ठेगानाः ..............................

ग. क्षेत्र (......नं. वडा/गापा).

घ. सम्पर्क नः ...................

दस्तखत......................

दर्ता गर्ने अधिकारीको नामः

कार्यालयको छापः

वेव : www.gangadevmun.gov.np
ई-मेल : gangadevmun@gmail.com
फोन : ९८४५५७०४००


नवीकरण रेकर्ड

महिला सञ्जालको नाम: वर्ग..(गापा/वडा)

ठेगाना:

| क्र.सं. | नवीकरण गरेको मिति | दर्ता नं. | अवधि मिति | | प्रमाणित गर्ने पदाधिकारीको सहि | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रत्येक २/२ बर्षमा नविकरण गर्नहुन ।

**अनुसूची ३**

**(दफा ९ को उपदफा (ग) सँग सम्बन्धित)**

महिला सञ्जाललाई गाउँपालिकामा दर्ता गर्ने निवेदनको ढाँचा श्री प्रमुख प्रशासकीय अधिकृतज्यू, गंगादेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सानडाडा, रोल्या।

विषय: गा पा स्तरिय महिला सञ्जाल दर्ता गरी पाउँ ।

महोदय,

प्रस्तुत विषयमा यस गंगादेव गाउँपालिकाको गाउँपालिका स्तरिय महिला संञ्जाल गठनको लागि यस वडाको महिला संञ्जाल बाट गाउँपालिका स्तरिय महिला संञ्जाल गठन भेलाको निर्णय अनुसार तपसिल

बमोजिमको सदस्यहरु मनोनित भएको हुदा  गाउँपालिका स्तरिय सञ्जाल गठनको लागी सिफारिस गरिन्छ

<u>तपसील</u>

| क्र.सं. | नामथर | गापा स्तरिय संञ्झालको लागी पद | नागरिकतानं. | सम्पर्क न. | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ... | | | | | |

(नोट: महिला सञ्झाल दर्ता गर्न आवश्यक कागजातहरु: भेलाको निर्णय, वडाको सिफारिस, महिला सञ्झालको निवेदन)

निवेदक:

अध्यक्षको नाम:

महिला सञ्झालको नाम:

ठेगाना:

**आज्ञाले,**

शालिकराम बस्नेत

निप्रमुख प्रशासकिय अधिकृत .